# बर्दिबास नगरपालिका को विज्ञापन कर निर्देशिका, २०७९

**नगर कार्यपालिका बाट स्वीकृत मिति** : २०७९।११।०८

**प्रस्तावना** : बर्दिबास नगरपालिकाले आफ्नो क्षेत्रमा कुनै वस्तु वा सेवा तथा अन्य कुराको विज्ञापन प्रचार प्रसार आदिका लागि राख्न दिने विज्ञापन वोर्ड तथा सामग्रीमा कर लगाई असुल उपर गर्न,नगरपालिका क्षेत्रमा राखिने विभिन्न आकार, प्रकार र बनौटका विज्ञापन वोर्डहरु तथा प्रचार, प्रसारका सामाग्रीहरुको नियमन र व्यवस्थापन गरी करको दायरामा ल्याउन स्थानीय सरकार संचालन ऐन २०७४को दफा १०२ बमोजिम बर्दिबास नगरपालिकाले "विज्ञापन कर निर्देशिका, २०७९" स्वीकृत गरी जारी गरेको छ ।

भाग –१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ:**

(१) यो निर्देशिकाको नाम "विज्ञापन कर निर्देशिका, २०७९"रहेको छ ।

(२) यो निर्देशिका बर्दिबास नगरपालिकाको नगर कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क)"कार्यालय" भन्नाले बर्दिबास नगर कार्यापालिकाको कार्यालयलाई बुझाउँदछ ।

(ख) "शाखा"भन्नाले बर्दिबास नगर कार्यपालिकाको कार्यालयमा रहेको आर्थिक व्यवस्थापन शाखा/ राजश्व शाखालाई सम्झनुपर्दछ ।

(ग) "विज्ञापन"भन्नाले नगरपालिका क्षेत्रमा राखिने होर्डिङ्ग वोर्ड, साइन वोर्ड, ट्राई भिजन बोर्ड, ग्लो वोर्ड, स्टल,डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने,विद्युत तथा सोलार बत्तीको खम्बामा प्रयोग गरिएको प्रचार सामाग्री लेख्ने वा विद्युतीय तरंग प्रयोग गरीएको प्रचारको लागि राखिने वस्तु वा सामाग्रीलाई सम्झनुपर्दछ । सो शव्दले तोकिएको ठाउँमा राख्न, टाँस्न वा प्रद्रर्शन गर्न सकिने व्यानर, स्टिकर तथा मोवाइल प्रचार सामग्री समेतलाई बुझाउँछ ।

(घ) "वोर्ड"भन्नाले विज्ञापन गर्ने उद्देश्यले निर्माण गरिएको धातुको पाता वा विज्ञापन गर्ने उद्देश्यले निर्माण गरिने अन्य कुनै किसिमको वोर्डलाई बुझाउँछ । सो शव्दले विज्ञापन सामाग्री राख्नेप्रदर्शन गर्ने उद्देश्यले तयार गरिएको धातुको फ्रेम तथा स्क्रीन वोर्ड समेतलाई सम्झनुपर्दछ ।

(ङ) "साइन वोर्ड"भन्नाले संघ, संस्था, व्यक्ति वा फर्ममा परिचय गराउने उद्देश्यले उक्त संघ, संस्था, फर्मको कार्यालयअघिल्तिर राखिएको नाम वा संकेत उल्लेख गरिएको वोर्डलाई बुझाउँछ ।

(च) "नियोन वोर्ड" भन्नाले विद्युतीय तरंग को माध्यमबाट संचालित विज्ञापन वोर्डलाई बुझाउँछ ।

(छ) "ग्लो वोर्ड" भन्नाले संघ संस्था वा व्यवसायिक फर्मको परिचय गराउने वा उक्त व्यवसायिक फर्मको उत्पादनको प्रचारगर्ने उद्देश्यले तयार पारिएको वोर्डलाई बुझाउँछ।

(ज) "स्टल"भन्नाले उत्पादन वा निजको व्यवसायिक प्रतिनिधिले प्रचारको लागि निश्चित समय तोकि सडक, चोक वासार्वजनिक खुला स्थानमा टेबुल वा गाडी वा मंच (स्टेज) मा वस्तुहरु तथा प्रचार सामग्रीहरु सजाएर राखिएको सानोनमुना पसललाई जनाउँछ। यो शब्दले विभिन्न मेला वा प्रदर्शनिमा राखिएको स्टलहरुलाई समेत जनाउंछ।

(झ) "होर्डिग बोर्ड"भन्नाले विज्ञापन वा प्रचार सामग्री लेख्ने, टाँस्ने, अड्याउने, राख्ने, लगाउने उद्देश्यले सडक वा चोकबाट सजिलै अवलोकन गर्न सकिने गरी धातुको फ्रेममा जडान गरिएको बोर्डलाई सम्झनुपर्छ। सो शव्दले प्रचार सामग्रीलगाउने उद्देश्यले बनाईएको धातुको फ्रेम तथा कुनै अग्लो संरचनामा झुण्डयाईएको होर्डिग वोर्ड समेतलाई बुझाउँछ।

(ञ) "ट्राई भिजन वोर्ड"भन्नाले वस्तु वा सेवाको प्रचार गर्ने उद्देश्यले एउटै संरचनाबाट तीन भिन्न भिन्न किसिम रतरिकाले विज्ञापन वस्तु अवलोकन गर्न सकिने गरि अग्लो धातुको फ्रेममा अड्याएर राखिएको विद्युतिय विज्ञापन वोर्डलाई जनाउँछ।

(ट) "स्क्रोलर वोर्ड"भन्नाले उत्पादनको प्रचार, प्रसार गर्ने

(ठ) "चलचित्र वोर्ड"भन्नाले उत्पादनको प्रचार, प्रसार गर्ने उद्देश्यले निजि भवन वा जग्गामा प्रदर्शनीको लागिराखिनेचलचित्र स्क्रिन वोर्डलाई बुझाउँछ।

(ड) "व्यानर"भन्नाले कपडामा लेखिएको वा प्रिण्ट गरिएको कुनै पनि किसिमको सन्देश सहितको विज्ञापन सामग्रीलाई सम्झनु पर्छ। सो शव्दले कपडामा कुनै वस्तु टाँसी झुण्डयाइएको सामाग्री समेतलाई सम्झनुपर्छ।

(ढ) "विज्ञापन वस्तुको स्वामित्व भएको व्यक्ति"भन्नाले वस्तु वा सेवाको उत्पादक वा विज्ञापन एजेन्ट वा होर्डिग वोर्डको निर्माणकर्ता वा माथि उल्लेखित एक वा एकभन्दा वढी वा सबैलाई जनाउँछ। सो शव्दले माथि उल्लेखित व्यक्ति सम्पर्क हुन नसकेको अवस्थामा विज्ञापन सामाग्री वा वोर्ड राखिएको सम्वन्धित घरजग्गा धनी समेतलाई सम्झनुपर्छ।

(ण) "गैर मुनाफामूलक संस्था"भन्नाले नाफा कमाउने उद्देश्य नभई सामाजिक तथा सेवामूखी क्रियाकलापहरु संचालन गर्ने र आन्तरिक राजश्व कार्यालयले कर नलाग्ने भनी तोकिदिएको संघ, संस्थालाई मात्र सम्झनु पर्दछ।

परिच्छेद–२

## विज्ञापन वोर्ड तथा समाग्री राख्ने स्थान र दर्ता सम्बन्धी

३. **विज्ञापन गर्न सकिने स्थानहरु :–**

(१) नगरपालिकाको क्षेत्रभित्रका निम्न स्थानहरुमा विज्ञापन वोर्ड तथा प्रचार सामाग्री राख्न कार्यालयले अनुमति दिन सक्नेछ।

(क) आफ्नो परिचय गराउने उद्देश्यले संघ, संस्था, फर्म, कम्पनी, उद्योगको कार्यालयको अघिल्तिर।

(ख) व्यक्तिको निजी स्वामित्व भएको घर, कम्पाउण्ड, खाली जग्गामा।

(ग) सरकारी निकायहरु, संस्थानहरु एवं गैर नाफामुलक संघ संस्थाहरुको निजी स्वामित्व भएको घर तथा जग्गामा।



प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

(घ) नगरपालिकाको स्वामित्व र भोगाधिकार भएको घर जग्गामा ।

(ङ) सडकको दाया वाया किनारा, पोल, सार्वजनिक स्थल र पार्कहरु ।

तर माथि खण्ड (ङ) मा उल्लेखित स्थानहरुमा शहरी सौन्दर्यीकरण र ट्राफिक व्यवस्थापनलाई नकरात्मक असर नपर्ने गरी विज्ञापन वोर्ड/सामाग्री राख्न अनुमति दिन सक्नेछ।

(२) बर्दिबास नगरपालिका क्षेत्रभित्रका स्थानहरुमा परिचय पाटि वाहेक अन्य कुनैपनि विज्ञापन वोर्ड तथा सामाग्री राख्न पाईनेछैन ।

(क) विश्व सम्पदा क्षेत्रको वरीपरी १०० मिटरको दुरीसम्म ।

(ख) पुरात्तात्विक तथा ऐतिहासिक महत्वका साँस्कृतिक स्थलहरुमा ।

(ग) नगरपालिकाले समय समयमा तोकेको अन्य स्थानहरुमा ।

(३) यस निर्देशिका लागू हुनु अघि माथि उप–दफा (२) मा उल्लेखित स्थानमा विज्ञापन वोर्ड तथा सामाग्री राखेको भएमा त्यस्तो विज्ञापन वोर्ड तथा सामाग्रीहरु १ महिनाभित्र हटाउन नगरपालिकाले आदेश दिन सक्नेछ । विज्ञापन कर तिरेका यसकिसिमका बोर्ड तथा विज्ञापन वस्तुहरु नगरपालिकाले तोकिदिएको अन्य विज्ञापन गर्न मिल्ने स्थानमा स्थानान्तरण गरेमा उक्त विज्ञापन वोर्ड पुनः दर्ता गरिरहनु नपर्ने र स्थानान्तरण वापतको दस्तुर पनि लाग्ने छैन ।

(४) नगरपालिका क्षेत्रमा रहेका विद्युतिय तथा अन्य किसिमका पोलहरुमा विज्ञापन वोर्डहरु राख्न अनुमति दिएको अवस्थामा वाहेक सडक किनारामा राखिएका पोलहरुमा विज्ञापन वोर्ड तथा सामाग्री राख्न पाईने छैन ।तर सडक किनारामा रहेको पोलमा यस निर्देशिका बमोजिम राख्न दिने पोल व्यानरको हकमा यो उपदफाले वाधा पुयाएको मानिने छैन ।

(५) माथि यस दफा अन्तर्गतका उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि बर्दिबास नगरपालिकाले कुनै स्थानमा वा कुनै वस्तु वा सेवाको कुनै तरिकाले विज्ञापन गर्न निषेध गर्न सक्नेछ ।

**४) <u>विज्ञापनको आकार, प्रकार र वनौट :</u>**

(१) प्रचार प्रसारको उद्देश्यले राखिने विज्ञापन वोर्ड वा सामाग्रीको आकार, प्रकार र वनौट अनुसूची–१मा उल्लेखित मापदण्ड बमोजिम हुनेछ ।

तर यस निर्देशिकाको अनुसूचि–१ उल्लेख गरिए भन्दा भिन्न प्रकृतिको विज्ञापन वोर्ड तथा सामग्री राख्न अनुमतिमाग भएमा सो विज्ञापन राख्न दिने नदिने सम्बन्धमा नगर कार्यपालिकाले निर्णय गर्न सक्नेछ ।

(२) यस निर्देशिका लागु हुनु अघि राखिएका वोर्ड तथा समाग्रीहरु अनुसूचि–१ मा उल्लेखित मापदण्डभन्दा फरक किसिमको भएमा उक्त वोर्डहरुलाई मापदण्ड बमोजिम कायम गर्न ३ महिनाको अवधि दिई सूचना जारी गर्नेछ । सो समयावधि भित्र यस निर्देशिका बमोजिम विज्ञापन बोर्डको मापदण्ड अनुरूप हुने गरी सुधार नगरेमा त्यस्तो विज्ञापन वोर्ड तत्काल हटाउने कार्वाही गर्नेछ ।

**५. <u>विज्ञापन वोर्ड राख्न निवेदन दिनुपर्ने:</u>**

(१) कुनैपनि वस्तु, सेवा वा अन्य कुनै कुराको प्रचार प्रसारको लागि विज्ञापन वोर्ड राख्नु पूर्व विज्ञापनको स्वामित्व भएको व्यक्ति, फर्म वा कम्पनीले आवश्यक कुराहरु खुलाई सम्बन्धित शाखामा निवेदन दिनुपर्नेछ ।



प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

(२) उपदफा (१) बमोजिम शाखामा दिने निवेदनमा निम्न कुराहरु खुलाइएको हुनुपर्नेछ ।

(क) विज्ञापन वोर्ड रहने स्थान : वडा, मार्ग, पथ, घर नं. (नजिकको घर नं.) (विभिन्न स्थानहरुमा भए सोको विवरण खुलाउने) ।

(ख) विज्ञापन वोर्ड रहने घर जग्गा धनीको तिनपुस्ते खुलेका नाम थर र ठेगाना ।

(ग) विज्ञापन वोर्ड सम्वद्ध व्यक्ति, उत्पादक, संघ, संस्था फर्म एजेन्सी कम्पनीको नाम ठेगाना ।

(घ) विज्ञापन वोर्ड आकार, प्रकार, वनौट र प्रकृति ।

(ङ) बोर्ड/विज्ञापन सामाग्री राख्ने अवधि ।

(च) तत्काल विज्ञापन गर्ने वस्तुको प्रकृति ।

(छ) विज्ञापन वोर्डको संख्या ।

(ज) अन्य आवश्यक कुराहरु ।

(३) यस दफा बमोजिम दिने निवेदनमा विज्ञापन वोर्ड रहने घर वा जग्गा धनीको धनी पूर्जा वा यस्तै अधिकारपत्र र वहाल सम्झौतापत्र र घरको हकमा नक्सापास प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

(४) माथि उपदफा (२) बमोजिम शाखामा पर्न आएको निवेदन उपर आवश्यक कार्वाहीको सिलसिलामा उक्त विज्ञापन वोर्डकोमापदण्ड र वोर्डको अवस्थिति सम्बन्धमा स्थलगत रुपमै निरिक्षण गरी प्रतिवेदन पेश गर्न शाखा प्रमुखले कर्मचारीखटाउने वा वडाध्यक्षको समन्वयमा वडाकार्यालयबाट कर्मचारी खटाई प्रतिवेदन लिने छ ।

छ । यसरी विज्ञापन वोर्ड निरीक्षण गर्न खटिएको कर्मचारीले निवेदनमा उल्लेखित वोर्ड यस निर्देशिकाको मापदण्ड र अन्य कानूनी शर्त बमोजिम भए, नभएको सम्बन्धमा अध्ययन तथा निरीक्षण गरी शाखा प्रमुख समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।सो प्रतिवेदन माथि आवश्यक निकासा लिन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरी निर्णय भए बमोजिम गर्नु पर्दछ ।

## ६. विज्ञापन वोर्डको दर्ता गर्ने :

(१) यस निर्देशिकाको दफा ५ बमोजिम पर्न आएका निवेदन उपर कार्वाही भई निवदेकको माग बमोजिम विज्ञापन वोर्डकोदर्ता गर्न मिल्ने सिफारिस सहितको प्रतिवेदन पेश हुन आएमा शाखाले यस निर्देशिकाको अनुसूची– २ बमोजिम सम्झौता गरी अनुसूची–३ मा उल्लेखित दररेट अनुसार वार्षिक कर आग्रीम रुपमै असुल गरी वोर्डको दर्ता गरी अनुसूची – ५ बमोजिमको विज्ञापन वोर्ड दर्ता प्रमाण पत्र उपलब्ध गराउनेछ ।

(२) यस दफा बमोजिम विज्ञापन वोर्ड दर्ता गर्दा सभाले तोके बमोजिमको दर्ता शुल्क लाग्नेछ । वोर्ड दर्ता प्रमाणपत्र हराएमा वा नष्ट भएमा प्रतिलिपि प्रमाणपत्र माग गर्न सकिनेछ । यसरी प्रतिलिपि माग भई निवेदन पर्न आएमा शाखामारहेको रेकर्ड हेरी रु.५००।दस्तुर लिई प्रतिलिपि प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

(३) माथि उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक वर्ष भन्दा कम अवधिको लागि राखिने विज्ञापन वोर्डतथा सामाग्रीको शाखाले दर्ता प्रमाण पत्र छुट्टै नदिई अनुसूची-२ बमोजिम सम्वन्धित व्यक्तिलाई सम्झौता पत्र मात्र उपलब्ध गराउन सक्नेछ ।



प्रल्हाद कुमार क्षेत्री
नगर प्रमुख

७. **हाल कायम रहेको विज्ञापन वोर्डहरु नियमित गर्नुपर्ने:**

(१) यो निर्देशिका लागू हुंदा राखिएका विज्ञापन सामाग्री तथा वोर्डको स्वामित्व भएको व्यक्तिले ३ महिनाभित्र यस निर्देशिकाको मापदण्ड बमोजिम नगरपालिकाले सार्वजनिक सूचना जारी गर्नेछ ।

(२) माथि उपदफा (१) बमोजिम तोकिएको म्यादभित्र विज्ञापन वोर्ड नियमित नगरेमा तत्काल त्यस्ताविज्ञापन बोर्डमा विज्ञापन सामाग्री राख्न नपाउने गरी विज्ञापन स्वामित्व भएको व्यक्ति, फर्म वा कम्पनीलाई कालो सूचिमाराखी त्यस्ता वोर्डहरु तत्काल हटाउन निर्देशन दिने वा नगरपालिकाबाट हटाईनेछ ।

(३) माथि उपदफा (२) बमोजिम कालो सूचिमा राख्नु अघि सम्बन्धित विज्ञापन स्वामित्व भएको व्यक्तिलाई सफाईको मौका दिनुपर्नेछ । निजबाट चित्तवुझ्दो जवाफ पेश गर्न नसकेमा शाखाको सिफारिसमा सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीलाई कालो सूचिमा राखी सो को जानकारी नेपाल सरकार, प्रदेश सरकार र नेपाल राज्यका अन्य स्थानीय तहहरुलाई समेत दिईनेछ ।

(४) यस निर्देशिका बमोजिम कालो सूचिमा पर्ने व्यक्ति, फर्म वा कम्पनीले पुनः बर्दिबास नगरपालिकाको क्षेत्रमा विज्ञापन गर्न,गराउन पाउने छैन ।

## परिच्छेद - ३
## सार्वजनिक निजी साझेदारी सम्वन्धी व्यवस्था

८. **प्रस्ताव आव्हान गर्ने:**

(१) नगरपालिकाले सार्वजनिक स्थल, सडकको दायाँ वायाँ र सार्वजनिक पार्कको संरक्षण, हरियाली प्रवर्द्धन र वाटिका निर्माण एवं संचालन गरी यस निर्देशिकाले तोकेको मापदण्डको अधिनमा रही आवश्यक संख्यामा विज्ञापन सामाग्री/बोर्ड राख्न इच्छुक व्यक्ति, संघ, संस्था, फर्म तथा कम्पनीहरुबाट खुला प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) माथि (१) बमोजिम प्रस्ताव माग गर्नु भन्दा अघि शहरी विकास, वातावरण संरक्षण र आय आर्जनलाई मध्यनजर गरी नगरपालिकाको क्षेत्रको सार्वजनिक स्थल, सडक दायाँ वायाँको खाली सार्वजनिक स्थल, सार्वजनिक पार्कको सर्वोत्तम विकल्पसहितको उपयोग सम्बन्धमा सम्बन्धित शाखाबाट आवश्यक अध्ययन गरी प्रस्ताव वा आशयपत्र तयार गरिनेछ ।

(३) माथि (१) बमोजिम पर्न आएका प्रस्तावहरुको आर्थिक तथा प्राविधिक पक्षको अध्ययन, मूल्यांकन एवं विश्लेषण गरी उत्कृष्ट प्रस्तावहरु मध्ये सर्वोत्कृष्ट प्रस्ताव छनौट गर्नु पर्नेछ । यसरी पर्न आएका प्रस्तावहरुको प्रारम्भिक मूल्यांकनको लागि आर्थिक प्रशासन शाखा प्रमुख अनिवार्य सदस्य रहने गरी सम्वद्ध शाखा र सार्वजनिक निजी साझेदारी एकाईको प्रतिनिधि भएको प्रस्ताव अध्ययन तथा मुल्यांकन प्रारम्भिक समिति गठन गर्नुपर्नेछ ।

(४) माथि (३) अनुसार छनौट भएको सर्वोत्कृष्ट प्रस्ताव आवश्यकता अनुसार पूनः मुल्यांकन गरी पेश गर्न वोलपत्र मूल्यांकन समितिमा पठाउन पर्नेछ । यसरी प्रारम्भिक समिति तथा वोलपत्र मुल्यांकन समितिले छनौट गरेको प्रस्तावकसँग स्थानीय तहले सम्झौता गरी सम्झौतामा उल्लेखित अवधिभर अनुसूची-३ बमोजिम विज्ञापन कर असुल गरी सम्झौतामा उल्लेखित आकार प्रकार र बनौटको विज्ञापन वोर्ड वा सामाग्री राख्न अनुमति दिनेछ ।

(५) सार्वजनिक निजी साझेदारी अन्तर्गत प्रस्ताव आव्हान गर्ने र छनौट गर्ने अन्य प्रक्रिया स्थानीय तहबाट लागू भएका सार्वजनिक नीजि साझेदारी नीतिहरु र प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

९. **सोझै प्रस्ताव पेश गर्न सकिने :**

(१) कुनै व्यक्ति, फर्म, कम्पनी तथा संघ, संस्थाले स्थानीय नगरपालिकाको क्षेत्रभित्रको कुनै खाली सार्वजनिक स्थान वा सडकको दायाँबायाँको जग्गामा हरियाली प्रवर्धन, यात्रु प्रतिक्षालय, वाटिका निर्माण गरी कुनै वस्तुको विज्ञापन गर्ने उद्देश्यले विज्ञापन वोर्ड वा सामाग्री राख्ने माग गरी सोझै स्थानीय तहमा प्रस्ताव पेश गर्न सक्नेछ ।

(२) माथि उपदफा (१) बमोजिम पर्न आएका प्रस्तावहरुको आर्थिक तथा प्राविधिक क्षमता र प्रस्तावमा उल्लेख गरिएका सार्वजनिक स्थलको संरक्षण एवं प्रवद्र्धन सम्वन्धी विशेष कार्यक्रम प्रस्ताव र उक्त प्रस्तावमा उल्लेखित परियोजनाको लागत/लाभ समेत विश्लेषण गरी स्थानीय तहले त्यस्तो प्रस्ताव छनौट गर्ने नगर्ने सम्बन्धमा निर्णय गर्न सक्नेछ ।

(३) माथि उपदफा (२) बमोजिम प्रस्ताव मुल्यांकनको लागि दफा ८ (३) बमोजि गठीत समितिमा पठाउनुपर्नेछ ।

(४) माथि उपदफा (१) बमोजिम सार्वजनिक स्थान प्रवर्दन गरे वापत राख्न दिइने विज्ञापन वोर्ड वा विज्ञापन वस्तुमा अनुसूची-३को दरमा कर लिइनेछ ।

(५) माथि (१) र (२) बमोजिम पेश भएको प्रस्तावहरु छनौट गर्न उपयुक्त नभएको भनी राय सहित सिफारिस भएमा उक्त कामखुला प्रस्ताव आव्हान गरी गराउन स्थानीय नगरपालिकाले आवश्यकता ठानेमा यसै निर्देशिका बमोजिम खुला प्रस्ताव आव्हानगर्न सक्नेछ ।

१०. **सडक किनारामा रहेकेका पोलहरुमा विज्ञापन गर्न सकिने:**

(१) शहरी सौन्दर्य, ट्राफिक व्यवस्थापन समेतलाई मध्येनजर गरी स्थानीय तहले आफ्नो क्षेत्रमा रहेका विद्युतिय लगायत अन्य किसिमको पोलहरुमा सोझै विज्ञापन गर्न दिने छैन ।

(२) यस निर्देशिका जारी हुनु पूर्व सम्बन्धित निकायको स्वीकृतिमा पोलहरुमा विज्ञापन गर्न दिइएको भएता पनि यस निर्देशिका जारी भएपछि सार्वजनिक निजि साझेदारी नीति बमोजिम पोलहरुमा निम्न किसिमका वोर्डहरुमा विज्ञापन गर्न सकिनेछ ।

क) सरकारी सूचना तथा सन्देशहरुसमेतको वोर्ड ।

ख) नगरपालिकाले राख्ने वा राख्न लगाउने सडक नाम उल्लेखित वोर्ड ।

ग) नगरपालिकाले राख्ने अन्य सूचना तथा सन्देशयुक्त वोर्डहरु ।

(३) सरकारी निकायले सार्वजनिक निजि साझेदारी नीति बमोजिम निजी क्षेत्र मार्फत नगरपालिकाको क्षेत्रमा सडकको दाया बाया अवस्थित पोलहरुमा विज्ञापन समेत राख्न पाउने गरी कुनै सूचना वा सन्देशयुक्त वोर्ड निर्माण गर्न अनुमति दिनु अघि नगरपालिकासंग त्यस्ता वोर्डको आकार, प्रकार, वनौट र लाग्ने करको सम्बन्धमा आवश्यक जानकारी एवं सहमति लिन पर्नेछ।

(४) सार्वजनिक निजि साझेदारी नीति बमोजिम पोलहरुमा राख्न सकिने सूचना सन्देस सहितको विज्ञापन वोर्डको आकार, प्रकार,बनौट र संख्या निम्नानुसार हुनेछ ।

(क) आकार: वढीमा २×३.६ वर्ग फिटसम्म ।

(ख) प्रकार : धातुको पाता ( स्टाण्ड सहित) ।

(ग) वनौट : धातुको पाता वा फ्रेममा फ्लास्क सामाग्री ।

(घ) संख्या :- प्रति पोल एउटा वोर्ड मात्र राखिएको ।

तर माथि खण्ड (घ) बमोजिम राखिएको विज्ञापन वोर्डमा दुईतर्फ नै विज्ञापन गरेमा नगरपालिकाले दुवैतर्फको विज्ञापन कर यस निर्देशिकामा तोकिएको दररेट अनुसार लगाई असूल गर्नेछ ।

५) यस दफा बमेजिम राख्न दिने विज्ञापन वोर्डमा यस निर्देशिकाको अनूसूचि-३ बमोजिम कर लगाई असुल गरिनेछ ।

६) यस दफा बमोजिम पोल राख्न दिने सन्देश सहितको विज्ञापन वोर्ड राख्ने अन्य प्रकृया माथि दफा ८ र ९ बमोजिम हुनेछ ।

## परिच्छेद ४
## विज्ञापन कर संकलन

११. विज्ञापन कर असूल गर्ने तरिका :

१) यस निर्देशिकाको अनुसूचि ३ मा अन्यथा उल्लेखित गरेकोमा वाहेक कुनै पनि किसिमको विज्ञापन वोर्डमा वार्षिक विज्ञापन करलगाई अग्रिम रुपमै असूल उपर गरिनेछ ।

२) विज्ञापन करको दर अनुसूची - ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

३) कुनै विज्ञापन वोर्डमा कुनै सूचना वा सन्देश उल्लेख गरी सो को प्रायोजन गरिएकोमा प्रायोजकका विज्ञापन सामाग्रीले ओगटेको क्षेत्रफल बराबरको विज्ञापन कर बुझाउनु पर्नेछ।

४) सरकारी निकाय तथा कर नलाग्ने सामाजिक परोपकारी संस्थाले नगरपालिकाको क्षेत्रमा सूचना वा सन्देशमूलक विज्ञापन राखेको तर सोको प्रायोजन गरेको अवस्थामा यस निर्देशिका बमोजिम प्रायोजकबाट विज्ञापन कर असूल उपर गरिनेछ ।

५) नगरपालिकाले बिज्ञापन र करको अवस्थानुसार बढीमा तीन बर्षमा नबढाई वोलपत्र वा वार्ता द्वारा पनि बिज्ञापन कर संकलन गर्न कुनै फर्म वा कम्पनीसंग सम्झौता गर्न सक्नेछ।

६) बिज्ञापन कर संकलन ठेक्का प्रक्रिया बर्दिबास नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त सम्बन्धि कार्यविधि २०७५ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१२. विज्ञापन कर नलाग्ने :-

(१) यस दफा बमोजिम कुनै गैर मुनाफामुलक संस्थाले निःशूल्क रुपमा पोल व्यनार राख्न अनुमति माग गरेमा कर वापतकोरकम धरौटीवापत नगरपालिकाको सम्बन्धित शाखामा जम्मा गर्न लगाई अनुमति दिन सकिनेछ ।तोकिएको निर्देशन पालना नगरी विज्ञापन गरेमा धरौटि रकमबाट कर वापतको रकम कट्टा गरिनेछ ।

(२) माथि उपदफा १ बमोजिम राखिएको धरौटी रकम कार्यसम्पन्न सन्तोषजनक भएको प्रतिवेदन प्राप्त भएपछि निवेदकको माग बमोजिम नगरपालिकाले सम्बन्धित संस्थालाई फिर्ता दिनु पर्नेछ ।

## परिच्छेद ५
## दण्ड, जरिवाना तथा पुनरावलोकन

१३. विज्ञापन वोर्ड दर्ता नगरी विज्ञापन गरेमा:

(१) यस निर्देशिका बमोजिम वोर्ड दर्ता नगरी कुनै व्यक्तिले विज्ञापन गरेमा नगरपालिकाले सात दिन भित्र वोर्ड दर्ता गर्न सम्बन्धित व्यक्तिलाई निर्देशन दिनेछ ।



प्रहलाद कुमार क्षेत्री

(२) माथि उपदफा (१) बमोजिम निर्देशन दिदा पनि तोकिएको अवधिभित्र विज्ञापन वोर्ड दर्ता नगरेमा लाग्ने करको १०प्रतिशत जरिवाना समेत तिरी एक महिनाभित्र वोर्ड दर्ता गर्न कार्यालयले वोर्डको स्वामित्व भएको व्यक्तिलाई पुन:निर्देशन दिनेछ ।

(३) माथि उपदफा (२) बमोजिम दिईएको थप म्यादभित्र पनि विज्ञापन वोर्ड दर्ता नगरेमा कार्यालयले विज्ञापनसामाग्री हटाउने र हटाउन निर्देशन दिनेछ ।

१४. <u>फरक प्रकृतिको विज्ञापन सामाग्री विज्ञापन वोर्डमा लगाएमा:</u>

(१) यस निर्देशिका बमोजिम एक प्रकृतिको विज्ञापन सामाग्री राख्ने व्यहोरा खुलाई वोर्ड दर्ता गरी नगरपालिकालाई लिखित जानकारी नै नदिई अर्कै प्रकृतिको विज्ञापन सामाग्री वोर्डमा लगाएमा रु. ५,०००। (पाचहजार) जरीवाना गरी संसोधित प्रकृति अनुसारको थप कर तिर्नुपर्ने भए तिरी नयाँ प्रकृतिको विज्ञापन सामाग्री राख्ने अनुमति लिन कार्यालयले सम्बन्धित विज्ञापनको स्वामित्व भएको व्यक्तिलाई निर्देशन दिनेछ ।

(२) माथि उपदफा (१) बमोजिम दिएको निर्देशन पालना नगरेमा नगरपालिकाले सो विज्ञापन वोंड तथा सामाग्री जफत गर्ने वा हटाउनेछ ।

माथि उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना नगरेमा कार्यालयले विज्ञापन समाग्री हटाउने वा हटाउन आदेश दिनेछ । यसरी विज्ञापन वस्तु हटाईएकोमा पुनः उक्त स्थानमा अर्को विज्ञापन सामाग्री राख्न माग गरेमा विज्ञापनको स्वामित्व भएको व्यक्तिले उपदफा (१) बमोजिम लागेको जरिवाना रु. ५,००० (पाचहजार) तर थप कर तिर्नुपर्ने भए सो समेत राजश्व शाखामा बुझाउनु पर्नेछ ।

१५. <u>निषेधित क्षेत्रमा वोर्ड राखेमा:</u>

(१) यस निर्देशिका बमोजिम निषेधित भनी तोकिएका स्थानहरु र सार्वजनिक निजि साझेदारी नीति बमोमिज मात्र विज्ञापन वोर्ड तथा सामाग्री राख्न सकिने सार्वजनिक स्थानहरुमा कसैले त्यस्ता वोर्ड तथा प्रचार सामाग्री राखेको पाईएमा तत्काल त्यस्तो विज्ञापन वोर्ड तथा समाग्री हटाउन नगरपालिकाले निर्देशन दिनेछ ।

(२) माथि उपदफा (१) बमोजिम दिएको निर्देशन पालना नगरेमा नगरपालिकाले त्यस्ता वोर्ड तथा समाग्रीहरु जफतगर्नेछ ।

१६. <u>स्वीकृत लिएको आकार प्रकार भन्दा फरक गरी विज्ञापन वोर्ड राखेमा:</u>

(१) यस निर्देशिका बमोजिम विज्ञापन वोर्ड दर्ताको अवस्था निवेदनमा खुलाईएको वोर्डको लम्वाई, चौडाई र बनौट भन्दा फरक किसिमको बोर्ड राखेको कुरा नगरपालिका वा वडाबाट खटिने निरीक्षण टोलिको फिल्ड निरीक्षणबाट देखिएको तर उक्त वोर्ड मापदण्ड भित्रै रहेको भए रु. ५,०००। (पांचहजार) जरिवाना लिई थप कर समेत असुल गरी उक्त वोर्डलाई नगरपालिकाले नियमित गर्न सक्नेछ ।

(२) माथि उपदफा (१) बमोजिम वोर्ड नियमित गर्न नगरपालिकाले विज्ञापन स्वामित्व भएको व्यक्तिलाई निर्देशन दिनेछ ।उक्त निर्देशन पालना नगरेमा उक्त वोर्डमा विज्ञापन गर्न नगरपालिकाले रोक लगाउन सक्नेछ ।

१७. <u>विज्ञापन वोर्ड दर्ता गर्दा विज्ञापन सामाग्री राख्न दिने निवेदनमा झुटो विवरण दिएमा:</u>

(१) यस निर्देशिका बमोजिम विज्ञापन वोर्ड दर्ता तथा विज्ञापन समाग्री राख्ने अनुमति माग गर्ने निवेदनमा झुटा विवरण दिएकोकुरा प्रमाणित भएमा नगरपालिकाले निवेदकलाई रु. २,०००। (दुई हजार) जरिवाना लगाई असुल उपर गर्नेछ ।



प्रह्लाद कुमार क्षेत्री

१८. **विशेष प्रकृतिको मात्र वोर्ड राख्न पाउनेमा अन्य किसिमको वोर्ड राखेमा**

(१) नगरपालिकाले यस निर्देशिकाको दफा ३ (२) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम कुनै क्षेत्रको लागि तोकिएको भन्दा फरक किसिमको वोर्ड निर्माण गरेमा उक्त वोर्ड तथा सामाग्री ७ दिन भित्र हटाउन सम्वन्धित विज्ञापन स्वामित्व भएको व्यक्तिलाई निर्देशन दिनेछ ।

(२) माथि उपदफा (१) बमोजिम दिएको निर्देशन पालना नगरेमा नगरपालिकाले सो विज्ञापन वोर्ड तथा सामाग्री जफत गर्ने वा हटाउनेछ ।

१९. **दण्ड सजायको पुनरावलोकन सम्बन्धी व्यवस्था:**

(१) यस दफा बमोजिम विभागले गरेको दण्ड सजाय उपर चित्त नवुझ्ने व्यक्तिले दण्ड जरिवानाको जानकारी पाएको मितिले ३०दिन भित्र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रमुख समक्ष पुनरावेदन दिन सक्नेछ ।

(२) माथि उपदफा (१) बमोजिम दिएको पुनरावलोकन उपर नगरपालिकाको प्रमुखले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद ६
## विविध

२०. **विज्ञापन वोर्ड दर्ता प्रमाण पत्र र यसको अभिलेख व्यवस्था:**

(१) शाखाले विज्ञापन वोर्ड दर्ताको अभिलेख अनसूचि - ४ बमोजिमको विज्ञापन वोर्ड दर्ता कितामा राख्नु पर्नेछ ।

(२) विज्ञापन वोर्ड दर्ता प्रमाणपत्रको ढाँचा अनुसूची - ५ मा उल्लेख गरे बमोजिम हुनेछ ।

(३) विज्ञापन वोर्ड तथा सामाग्री राख्ने विज्ञापन स्वामित्व भएको व्यक्तिसँग यस निदेशिकाको अनुसूची-२ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

२१. **होर्डिङ वोर्ड स्थापना गर्दा प्रर्याप्त सुरक्षा व्यवस्था मिलाउनु पर्ने -**

(१) स्थानीय तहले तोकेको स्थानमा होर्डिङ वोर्ड स्थापना गर्न अनुमति पाएको विज्ञापन वोर्डको स्वामित्व भएको व्यक्तिले उक्त वोर्डको संरचना तयार गर्दा प्रयाप्त सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) वोर्डको सुरक्षा व्यवस्था सम्बन्धमा स्थानीय तहले निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ । यसरी दिएको निर्देशन पालना गर्नु सम्बन्धित वोर्डको स्वामित्व भएको व्यक्तिको कर्तव्य हुनेछ ।

२२. **विज्ञापन वोर्ड नामसारी, ठाउँसारी तथा दर्ता खारेजीको लागि अनुमति लिनपर्ने:**

(१) विज्ञापन वोर्डको नामसारी, ठाउँसारी र दर्ता खारेजीको लागि तिर्न बाँकी कर चुक्ता गरी निवेदन दिनुपर्नेछ ।

(२) माथि उपदफा (१) बमोजिम निवेदन पर्न आएमा लिने दिने व्यक्तिको सम्झौतापत्र वा करारनामा, ठाउसारी गर्ने घरधनीसंगको सम्झौतापत्र समेत अध्ययन गरी लिने दिने दुवैपक्षको रोहबरमा वोर्डको स्वामित्व परिवर्तन सम्बन्धी कार्वाही गरी वोर्ड दर्ता प्रमाणपत्रमा सो कुरा उल्लेख गरिदिनु पर्नेछ ।

(३) वोर्डको नामसारी, ठाउसारी तथा हटाउने कार्वाही गर्दा सेवा शुल्क वापत नगरपालिका/गाउँपालिकाले तोकिएको शुल्क लिनेछ।

प्रह्लाद कुमार क्षेत्री

(४) विज्ञापन वोर्डको एकपटक दर्ता गरिसकेपछि वोर्डको दर्ता खारेजी नगरेसम्म प्रचलित दर अनुसार कर तिर्ने दायित्व वोर्डको स्वामित्व भएको व्यक्तिको हुनेछ । वोर्डमा विज्ञापन सामाग्री नलगाएको वा प्रदर्शन नगरेको कारणले मात्र विज्ञापन करमा कुनै छुट वा मिन्हा हुनेछैन ।

२३. **विज्ञापन वोर्डको नविकरण गर्नुपर्ने:**

(१) यस निर्देशिका बमोजिम अनुमतिप्राप्त विज्ञापन वोर्डको प्रत्येक वर्षको लागि अग्रीम रुपमा कर तथा अन्य दस्तुरहरु तिरी नविकरण गर्नुपर्नेछ ।

(२) माथि उपदफा (१) बमोजिम विज्ञापन स्वामित्व भएको व्यक्तिले आफुले राखेका वा राख्न दिएका विज्ञापन वोर्डको कर तिरेकोआवधि समाप्त भएको मितिले ३५ दिनभित्र नविकरण गरिसक्नु पर्नेछ । उक्त समयभित्र विज्ञापन वोर्डको नविकरण नगरिएमालाग्ने कर रकममा पहिलो महिनाको लागि १०%, दोश्रो महिनाको लागि १५% र तेश्रो महिनको लागि २०% का दरलेजरिवाना र वार्षिक कर असुल गरी ३ महिनासम्ममा नविकरण गर्न सकिनेछ । म्याद नाघेको ३ महिनासम्ममा पनि विज्ञापनवोर्ड नविकरण नगरेमा नगरपालिकाले विज्ञापन वोर्ड वा समाग्री हटाउने वा जफत वा नष्ट गर्नेछ ।

(३) माथि उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनिनगरपालिकाले कर नतिरी राखेको वा तोकिएकोसमयभित्र नविकरण नगरिएका विज्ञापन वोर्ड वा सामाग्री हटाउने, जफत गर्ने वा नष्ट गर्नु अघि वढीमा १५ दिनको सूचनासम्वन्धित विज्ञापन वोर्डका स्वामित्व भएको व्यक्ति फर्म कम्पनि लाई दिनुपर्नेछ ।

(४) माथि उपदफा (२) र (३) बमोजिम नगरपालिकाले विज्ञापन वोर्ड वा सामाग्री नष्ट गरिएको वा हटाईएकोमा विज्ञापन वोर्डको नविकरण गर्न स्थानीय तह समक्ष अनुरोध गरेमा वक्यौता करर सो करको पचास प्रतिशत एकमुष्ट जरिवाना लिई शाखाले विज्ञापन वोर्डको नविकरण गरिदिनु पर्नेछ ।

२४. **होर्डिङ वोर्ड वापतको वहाल कर तिर्नु पर्ने:** विज्ञापन वोर्डहरु राख्न दिने घर तथा जग्गा धनीले तिर्नुपर्ने वहाल कर वापतको रकम नगरपालिकाले सम्बन्धित घर वा जग्गा धनीको नाममाविज्ञापन वस्तुको स्वामित्व भएको व्यक्तिबाटै असूल गर्नेछ ।

२५. **परिचय पाटी वापतको कर व्यवसाय कर सँग आवद्ध गर्न सकिने :**

(१) नगरपालिकाले आफ्नो क्षेत्र भित्रका व्यवसायीहरुबाट व्यवसाय कर असूल गर्दाको अवस्थामा परिचय पाटी वा साइन वोर्ड वापतको कर रकम असूल गर्नेछ ।

(२) माथि उपदफा (१) बमोजिम कर असूल गरेपछि परिचयपाटीको विवरण व्यवसाय दर्ता प्रमाण-पत्रमा उल्लेख गर्न सकिनेछ ।

(३) माथि उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि परिचय पाटीको छुट्टै दर्ता नविकरण गर्न यस दफाले वाधापुर्याएको मानिने छैन ।

२६. **वाधा अडकाउ फुकाउन सक्ने :** यस निर्देशिकामा कार्यान्वयनको सिलसिलामा केही वाधा अडचन देखा परी तत्काल केही कुरा हेरफेर वा संशोधन गर्नु परेमा नगर कार्यपालिकाले हेरफेर,थपघट वा संसोधन गर्न सक्नेछ ।

२७. **निर्देशिका बमोजिम हुने :** बर्दिबास  नगरपालिका क्षेत्रभित्र विज्ञापन कर लगाई असूल उपर गर्ने कार्य यसै निर्देशिका बमोजिम हुनेछ ।

प्रल्हाद कुमार क्षेत्री
नगर प्रमुख

२८. <u>विज्ञापन कर संकलन कार्यमा सहयोग गर्नुपर्ने</u>: यस निर्देशिका बमोजिम कर लगाई असुल उपर गर्ने कार्यमा आवश्यकसहयोगको लागि राजश्व शाखाले बिभिन्न वडा कार्यालय र अन्य शाखाको सहयोग माग गर्न सक्नेछ ।यसरी सहयोग माग गरेमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

अनुसूची (१)

दफा ४ को उपदफा (१) बमोजिम

विज्ञापनको आकार, प्रकार र बनौट

| क्र सं | विज्ञापन वोर्ड/सामाग्रीको प्रकार | विज्ञापन वोर्डको आकार अधिकतम सीमा (बर्गफुटमा) | विज्ञापन वोर्ड तथा सामाग्रीको वनौट |
|---|---|---|---|
| १ | होर्डिङ बोर्ड | २०×४०=८०० सम्म | फलामको पातामा लेखिएको वा प्रिन्टगरेको सामाग्री राख्ने । |
| २ | साइन बोर्ड (परिचय पाटी) | ३० वर्ग फिटसम्म | फलामको पातामा लेखिएको वा प्रिन्टगरेको सामाग्री राखेको । |
| ३ | नियोन बोर्ड | २० × २० = ६० वर्ग फिटसम्म | विद्युतिय तरङ जडित विशेष किसिमकोवोर्ड । |
| ४ | ग्लो वोर्ड (विद्युतिय परिचय पाटी) | ३० वर्गफिट सम्म | ग्लो वोर्डको स्पेशल बनावट |
| ५ | ट्राई भिजन वोर्ड | २०×३०=६०० वर्ग फिटसम्म | ट्राइ भिजन स्पेशल बनावट |
| ६ | स्क्रोलर वोर्ड | १०×१०फिट=१०० सम्म | विद्युतीय माध्यमबाट एकभन्दा वढी विज्ञापन सामाग्री प्रचार गर्न |
| ७ | पोल व्यानर | २ ×३=६ वर्ग फिटसम्म | कपडामा लेखिएको वा प्रिन्ट गरिएको । |
| ८ | धातुको अक्षर वोर्ड | ३० वर्ग फिटसम्म | धातुले अक्षर, शव्द वा चित्र अंकित गरिएको । टाँस गरिएको फ्रेम । |
| ९ | चलचित्र वोर्ड | १०×१०=१०० वर्गफिटसम्म | विद्युतीय माध्यमबाट विज्ञापन सामाग्री प्रदर्शन गरिने चलचित्र वोर्ड |

*३० वर्गफुट भन्दा वढीको साइन वोर्डलाई कर प्रयोजनका लागि होर्डिङ वोर्डको रुपमा लिईनेछ ।

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

अनुसूची २
निर्देशिकाको दफा ६ (१) बमोजिम

[stamp]

## विज्ञापन सम्झौता पत्र

बर्दिबास नगरपालिका (यसपछि "प्रथम पक्ष" भनिएको र ............................................... (यसपछि दोश्रो पक्ष") बीच बर्दिबास नगरपालिका वडा नं.................. मार्ग ................ टोलको ........... ........... नम्बरको घर धनि श्री .................................................को भवन/जग्गामा ...........................बस्तु/सेवाको विज्ञापन गर्न देहायको शर्तनामा पालना तथा कार्यान्वयन गर्न दुवै पक्ष मन्जुर भई यो सम्झौता गरी एक एक प्रति लियौ, दियौं ।

शर्तहरुः

१. प्रथम पक्षले स्वीकृत दिएको स्थानमा स्वीकृत विज्ञापन वोर्ड/सामाग्री दोश्रो पक्षले विज्ञापन प्रयोजनको निमित्त राख्नेछ । स्वीकृति पश्चात विज्ञापन परिचयपाटी/होर्डिङ वोर्ड/अन्य वोर्डको आकार : लम्वाई ............ चौडाई. ......... उचाईको हुनेछ । जम्मा ............. वर्ग फिटलेमिति.................. देखि ..................सम्म ........ वर्ष ..... को प्रति वर्गफुट रु. .....................ले जम्मा रु. .................... दोश्रो पक्षले प्रथम पक्षलाई ............मितिमा ........................बुझाउनु पर्नेछ ।
२. द्धितीय पक्षले विज्ञापन सम्बन्धी आवेदन दिंदाको वखत उल्लेख गरी स्वीकृत लिएको विषयमा मात्र विज्ञापन गर्न राख्न पाउनेछ। स्वीकृत विज्ञापन वाहेक अन्य विवरणको विज्ञापन राख्नु परेमा वा स्थान परिवर्तन गर्नुपरेमा दोश्रो पक्षले लिखित जानकारी गराई प्रथम पक्षको लिखित स्वीकृत लिनुपर्नेछ ।
३. प्रथम पक्षले विज्ञापन हटाउन निर्देशन दिएमा दोश्रो पक्षले सो स्थानबाट विज्ञापन हटाउनु पर्नेछ । तर त्यस्तो विज्ञापन हटाउन प्रथम पक्षले लिखितनिर्देशन दिनुपर्नेछ ।
४. द्धितीय पक्षले तोकिएको स्थानमा विज्ञापन राखी प्रथम पक्षलाई शुल्क तिरि सकेको भएमा प्रथम पक्षको निर्देशन अनुसार विज्ञापन हटाएमा दोश्रो पक्षले सो विज्ञापन अन्य कुनै स्थानमा राख्न चाहेमा प्रथम पक्षले स्वीकृत दिन सक्नेछ । अन्यथा प्रथम पक्षले दामासाहिले दोश्रो पक्षलाई रकमफिर्ता गर्नेछ ।
५. विज्ञापन वोर्ड प्राविधिक दृष्टिले सुरक्षित ढंगले निर्माण गर्नु पर्नेछ ।
६. विज्ञापन बोर्डको कारणबाट हुने हानी नोक्सानीको पूर्ण जिम्मेवारी द्धितीय पक्षको हुनेछ ।
७. दोश्रो पक्षले स्वीकृत प्राप्त गरि विज्ञापन राखी सकेपछि विज्ञापन करको दरमा हेरफेरभएमा सोहि अनुसार दोश्रो पक्षले प्रथम पक्षलाई कर बुझाउनुपर्नेछ ।
८. दोश्रो पक्षबाट पेश गरिएको विज्ञापन वोर्ड को कुनैपनि बेला निरीक्षण गर्दा स्वीकृत दिइएको स्थान र मापदण्ड भन्दा फरक पर्न गएमा सो होर्डिङवोर्ड तत्काल हटाउने वा जरिवाना गर्ने वा दुवै गर्न सक्नेछ ।
९. नगरपालिकाबाट प्राप्त सांकेतिक चिन्ह तथा वोर्डको दर्ता नम्बर वोर्डमै देखिने गरी माथिल्लो भागमा सुरक्षित ढंगले राख्ने सम्पूर्णजिम्मेवारी दोश्रो पक्षको हुनेछ ।
१०. होर्डिङ्ग वोर्डको आकार, प्रकार र निषेधित क्षेत्र सम्वन्धी नगरपालिकाले जारी गर्ने नीतिगत व्यवस्था अनुसार वोर्ड हटाउन वा आकार,प्रकार परिमार्जन गर्न पर्ने भएमा सो अनुसारको



प्रह्लाद कुमार क्षेत्री

आदेश निर्देशन पालना गर्न दोश्रो पक्ष मन्जुर गर्दछ । यसो गर्दा असूल भईसकेको विज्ञापन करविज्ञापन दाताले तिर्नपर्ने कर दायित्वमा समायोजन गरिनेछ ।

११. म्याद समाप्त भएको मितिबाट ३५ दिन भित्र वा तोकिएको समयभित्र नविकरण गर्नुपर्नेछ । अन्यथा प्रथम पक्षले विज्ञापन कर निर्देशिका बमोजिम आवश्यक कार्वाही अगाडी वढाउनेछ ।

**नगरपालिकाको तर्फबाट**

नाम थर :

हस्ताक्षर :

पद :

छाप :

**साक्षीहरु :**

१) नाम थर

हस्ताक्षर :

पद :

२) नाम थर :

हस्ताक्षर :

पद :

**विज्ञापन कर्ता/एजेन्सीको तर्फबाट**

नाम थर :

हस्ताक्षर :

पद :

बाबुको नाम :

नागरीकता नं र जारी जिल्लाः - (व्यक्तिको हकमा)

फर्म वा कम्पनीको नामः-

छाप :

**साक्षीहरु :**

१) नाम, थर

हस्ताक्षर :

ठेगाना :

२) नाम, थर

हस्ताक्षर

ठेगाना :

सम्वत् .................... साल ..........महिना ........गते ............रोज शुभम् ।

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

(दफा ११ को उपदफा (२) बमोजिम)

अनुसूची ३

विज्ञापन करको दर  ब.न.पा.को प्रत्येक आर्थिक ऐनमा तोकिए बमोजिम हुने

| क्र.स. | विज्ञापनको किसिम | विज्ञापन दर रु. (प्रति वर्ग फुट) | मदिरा सूर्तिजन्य विज्ञापन दर |
|---|---|---|---|
| १ | परिचय पाटी/साइन वोर्ड | | |
| २ | होर्डिङ्ग वोर्ड (विज्ञापन पाटी) | | |
| ३ | नियोन साइन वोर्ड | | |
| ४ | ग्लोसाइन (विद्युतीय) वोर्ड | | |
| ५ | चलचित्र वोर्ड | | |
| ६ | त्रिभिजन बोर्ड | | |
| ७ | स्क्रोरल भिजन वोर्ड | | |
| ८ | व्यानर/फिल्मी पोष्टर | | |
| ९ | आकाशे वेलुन | | |
| १० | व्यवसायिक भवन प्रवेशद्धार विज्ञापन गेट | | |
| ११ | गाडीमा बोकी विज्ञापन | | |
| १२ | स्टल | | |
| १३ | व्याग प्याग | | |
| १४ | वाकिंग वेलुन | | |
| 15 | पोल व्यानर | | |
| 16 | जात्रा मेला खेलकुद विज्ञापन | | |
| १७ | सटर पेन्टिङ्ग | | |
| 18 | डि पि एस वोर्ड | | |
| 19 | लाईट बोर्ड | | |
| 20 | डिजिटल होर्डिङ्ग वोर्ड | | |

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

दफा २० को उपदफा (१) बमोजिम

अनुसूची ४

बर्दिबास नगरकार्यपालिकाको कार्यालय

## विज्ञापन वोर्ड दर्ता किताव

विज्ञापन वोर्ड दर्ता नं. : (वडा/द. नं./ साल)

......................................

१. विज्ञापन रहने घर तथा जग्गा धनीको नाम :-

२. विज्ञापन रहने स्थानः-.............वडा ...... घर नं. ..............
मार्ग/पथ/सडक ..................

३. सार्वजनिक/प्रति जग्गा भए सो जग्गा संरक्षण गर्ने सम्बद्ध निकायको नाम :-
...................

४. विज्ञापन वोर्डको आकार, प्रकार र वनौट :-

क) आकार :- ...............लम्वाई ...............चौडाई ................वर्गफिट

ख) विज्ञापन बोर्डको प्रकार :- होर्डिङ वोर्ड/होडिङ वोर्ड साना/साइन वोर्ड/ग्लो वोर्ड/त्रिभिजन वोर्ड ......

ग) बनौट

५. विज्ञापन स्वामित्व भएको व्यक्तिको नाम, थर, ठेगाना :-

६. विज्ञापन वोर्डको स्वामीत्व परिवर्तन भएकोमा नामसारी भई हाल साविक हुनेको विवरण :-

| क्र.सं. | साविकवालाको नाम थर, ठेगाना | हालवालाको नाम थर, ठेगाना | हाल साविक गरेकोमिति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

७. दर्ता/नविकरणको अद्यावधिक तालिका

| दर्ता/नविकरण मिति | विज्ञापन विवरण | विज्ञापन सम्बद्ध कम्पनी/फर्मको नाम | कर असुल भएको अवधि | कर असुली रकम | र.नं. | कर अधिकृतको हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

दफा २० को उपदफा (२) बमोजिम
अनसुची ५

# बर्दिबास नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## राजश्व शाखा
## विज्ञापन वोर्ड दर्ता प्रमाण - पत्र
(मुख पृष्ठ)

दर्ता मितिः ......
प्रमाण पत्र नं. .....

वडा नं. .............. मार्ग ........... घर नं. ........... बस्ने श्री ................................ लाई विज्ञापन कर निर्देशिका, २०७९ बमोजिम निम्न उल्लेखित अनुसार समय समयमा नगरपालिकाबाट जारी गरिने आदेश, निर्देशन र सूचनाको पालना गरी विज्ञापन कर तिरी विज्ञापन बोर्ड राख्न यो प्रमाण पत्र दिईको छ ।

विज्ञापन वोर्डको विवरण :-

१.विज्ञापन रहने घर तथा जग्गाधनीको नामः.................................

२. विज्ञापन रहने स्थानः-...............वडा ...... घर नं. ..............
मार्ग/पथ/सडक ..................

३. सार्वजनिक/प्रति जग्गा भए सो जग्गा संरक्षण गर्ने सम्बध निकायको नाम :-
........................

४. विज्ञापन वोर्डको आकार, प्रकार र वनौट :-

क) आकार :- .......................लम्वाई
..........................चौडाई ............................वर्गफिट

ख) विज्ञापन बोर्डको प्रकार:- होर्डिङ वोर्ड/होडिङ वोर्ड साना/साइन वोर्ड/ग्लो वोर्ड/त्रिभिजन वोर्ड

ग) बनौट

५. विज्ञापन स्वामित्व भएको व्यक्तिको नाम, थर :-...........................

६. विज्ञापन स्वामित्व भएको व्यक्तिको ठेगाना :-...........................

७. विज्ञापन वोर्डको स्वामीत्व परिवर्तन भएकोमा नामसारी भई हाल साविक हुनेको विवरण :-

| क्र.सं. | साविकवालाको नाम थर, ठेगाना | हालवालाको नाम थर, ठेगाना | हाल साविक गरेको मिति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

.......................................................... .................
.....................

विज्ञापन स्वामित्व भएको व्यक्तिको हस्ताक्षर
हस्ताक्षर

राजश्व/कर अधिकृतको

शर्तहरु :

१. सम्झौतामा अन्यथा उल्लेख गरिएको बाहेक प्रत्येक आर्थिक वर्षको वा म्याद समाप्त भएको ३५ दिन भित्र प्रत्येक वर्षको लागि अग्रिम रुपमा करवुझाउनु पर्नेछ ।

२. होर्डिङ वोर्डको स्वामित्व तथा स्थान परिवर्तन गर्नुपरेमा कार्यालयको पूर्व स्वीकृति लिनुपर्नेछ ।

३. विज्ञापन वोर्ड हटाउनु परेमा लाग्ने कर दस्तुर तिरी कार्यालयको पूर्व स्वीकृति लिई हटाउन सकिनेछ ।

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

(पछिल्लो पृष्ठ)

विज्ञापन वोर्ड दर्ता नविकरण तालिका :

| दर्ता/नविकरण मिति | विज्ञापन विवरण | विज्ञापन सम्बध कम्पनी/फर्मको नाम | कर असुल भएको अवधि | कर असुली रकम | र. नं | कर अधिकृतको हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

सम्वत २०७९ साल फाल्गुन ०८ गते बसेको नगर कार्यपालिकाको बैठकले स्थानीय सरकार सन्चालन ऐन २०७४को दफा १०२ बमोजिम यो कार्यविधि पारित गरेकोले प्रमाणीकरण गर्दछु ।

..............................

प्रल्हाद कुमार क्षेत्री

नगर प्रमुख

मिति २०७९/११/०८

प्रल्हाद कुमार क्षेत्री

नगर प्रमुख

आज मिति २०७९।११।०८ गते बर्दिबास नगरपालिकाका प्रमुख श्री प्रहलाद कुमार क्षत्री ज्युको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगर कार्यपालिकाको बैठक सम्पन्न गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रहलाद कुमार क्षेत्री | प्रमुख | |
| २ | तारा देवी | उप प्रमुख | |
| ३ | भोला खड्का | वडा अध्यक्ष-१ | |
| ४ | धिरेन्द्र कुमार सिंह | वडा अध्यक्ष-२ | |
| ५ | विराट कुमार विष्ट | वडा अध्यक्ष-३ | |
| ६ | अक्कल वहादुर तमाङ | वडा अध्यक्ष-४ | |
| ७ | काहार मान स्याङ्गवा | वडा अध्यक्ष-५ | |
| ८ | पदम बहादुर आले | वडा अध्यक्ष-६ | |
| ९ | रामस्वगारथ यादव | वडा अध्यक्ष-७ | |
| १० | सम सेर सिंह | वडा अध्यक्ष-८ | |
| ११ | घुरन महतो | वडा अध्यक्ष-९ | |
| १२ | प्रमोद कुमार मोक्तान | वडा अध्यक्ष-१० | |
| १३ | पूर्ण वहादुर बल | वडा अध्यक्ष-११ | |
| १४ | राम किशोर साह | वडा अध्यक्ष-१२ | |
| १५ | लक्ष्मण सिंह | वडा अध्यक्ष-१३ | |
| १६ | विजय कुमार महतो | वडा अध्यक्ष-१४ | |
| १७ | तिर्थ वहादुर अछामी | न.का.स. | |
| १८ | विन्देश्वर साह | न.का.स. | |
| १९ | रामचलित्तर पंजियार | न.का.स. | |
| २० | लक्ष्मी कोइराला | न.का.स. | |
| २१ | अन्सीला कुमारी | न.का.स. | |
| २२ | विना कुमारी पाख्रिन | न.का.स. | |
| २३ | प्रतिमा कुमारी विश्वकर्मा | न.का.स. | |
| २४ | ऐश्वर्य वोम्जन तमाङ | न.का.स. | |
| २५ | किरण निधि तिवारी | प्र.प्र.अ.(सदस्य सचिव) | |
| २६ | मुरारी प्रसाद तिमल्सिना | अधिकृत(आमन्त्रित) | |
| २७ | दिपक राज पोडेल | अधिकृत(आमन्त्रित) | |
| २८ | सोम कुमार फुर 5 | सु.प्र.अधिकृत(आमन्त्रित) | |
| २९ | लभ कुमार यादव | रोजगार अधिकृत(आमन्त्रित) | |

(ङ). कालिका वार्ड-१ रंजित छिन्ह्वो घाटघाटि ज्युती बजारमा नाला मर्मत गर्न रु २००,०००/-.

(च) कालिका वार्ड-१ गुडि बजार बन्ना बस्ती सडक गर्न रु ५०,०००/- लाई

प्रस्ताव नं.-१२. विविध विषयहरु (कार्यविधि तथा निर्देशिका पास गर्ने सम्बन्धमा.

(क) बर्दिबास न. पा. क्षेत्र भित्रका नदीजन्य पदार्थको उत्खनन, संकलन, बिक्री व्यवस्थापन तथा निकासी सम्बन्धी कार्यविधि-२०६९ /पास स्वीकृत

(ख) बर्दिबास नगरपालिकाको विज्ञापन कर निर्देशिका २०६९ स्वीकृत

(ग) स्थानीय राजस्व परामर्श समिति कार्य सञ्चालन कार्यविधि २०६९ स्वीकृत गर्ने निर्णय गरियो।